# पूर्वाञ्चल विश्वविद्यालय

## कला/कानून/शिक्षा शास्त्र संकाय

प.सं.:-

च.नं.:-

स्नातक/स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमहरुको मितिः.........................

**छात्रवृत्ति प्रवेश परीक्षाको अनलाइन (ONLINE) आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

२०८२/१०/१९

पूर्वाञ्चल विश्वविद्यालय कानुन संकाय अन्तगर्तका आंगिक एवं सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरूमा सञ्चालित कानुन संकाय अन्तर्गत स्नातक/स्नातकोत्तर तहका LLB/LLM शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२।०८३ मा नयाँ भर्नाको प्रवेश परीक्षाका लागि अनलाईन (ONLINE) आवेदन फाराम आह्वान गरिएको छ। विश्वविद्यालयद्वारा तोकिएको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेका इच्छुक विद्यार्थीहरूले आफूले अध्ययन गर्न चाहेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौट गरी ONLINE फारामको विवरंण भरी सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू र पासपोर्ट साइजको फोटोको Scan Copy समेत Attach गरी तोकिएको दस्तुर सहित कानुन संकायमा Online Payment मार्फत् आवेदन फाराम भर्न हुन जानकारी गराईन्छ।

साथै नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा सम्बन्धित निकाय/संस्थाबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको Scan Copy अनिवार्य रूपले Attach गर्नु पर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

१. ONLINE आवेदनका लागि Website: www.pufale.edu.np

entrance.puexam.edu.np

२. आवेदन फाराम शुल्क (सेवा शुल्क वाहेक): रू. १,५००।- (एक हजार पाँच सय मात्र)

३. आवेदन शुल्क सहित बिलम्ब दस्तुर (सेवा शुल्क वाहेक) रू. १,८००।- (एक हजार आठ सय मात्र)

**४. LLB/LLM छात्रवृत्ति प्रवेश परीक्षा सञ्चालन हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिने छ।**

**५. आवेदन भर्ने सम्बन्धी अन्य व्यवस्थाः**

(क) इच्छुक आवेदक परीक्षार्थीहरूले भर्ना हुन चाहेको स्कूल/क्याम्पस/कलेजहरू छनौट गरी ONLINE मार्फत् प्रवेश परीक्षा फाराम भरेपछि तोकिएको दस्तुर तिरी मिति २०८२/११/०८ गतेसम्म र बिलम्ब दस्तुर तिरी मिति २०८२।११।११ गतेसम्म आवश्यक कागजातहरूको सक्कल प्रतिको Scan Copy Attach गरी JPEG र JPG / PNG Format मा Upload गर्नु पर्नेछ। पू. वि. कलेज अफ ल मा आवेदन दिइसकेकाहरुले कलेजमा बुझाएको शुल्कबाट ONLINE आवेदन दिन सक्ने छन्।

(ख) स्कूल/क्याम्पस/कलेजहरूले ONLINE मार्फत् आवेदन गरेका विद्यार्थीहरूको आवश्यक कागजात र परीक्षा आवेदन शुल्क अनिवार्य रूपमा तोकिएको समयभित्र ONLINE रूजु (Verify) गर्नु पर्नेछ।

# पूर्वाञ्चल विश्वविद्यालय

## कला/कानून/शिक्षा शास्त्र संकाय

प.सं.:-

च.नं.:-


(ग) नियमानुसार तोकिएको शुल्क तथा आवश्यक कागजातहरू UPLOAD नगर्ने विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।

(घ) रीत नपुगी आएका आवेदन फाराम तथा तोकिएका कागजात पूरा नभएका परीक्षार्थीहरूको फाराम रद्द भएमा सोको जिम्मेवार सम्बन्धित परीक्षार्थी नै हुनेछ ।

(ङ) विश्वविद्यालयलाई प्राप्त हुन आएको विद्यार्थी संख्या मात्र छात्रवृत्तिका लागि सिफारीस गरिने छ ।

७. पू. वि. कानुन संकाय अन्तगर्तका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता लगायत सम्पूर्ण जानकारी www.pufale.edu.np वा विश्वविद्यालयको website मार्फत प्राप्त गर्न सकिने छ ।

८. ONLINE फाराम भर्ने सम्बन्धी थप जानकारी आवश्यक भएमा पूर्वाञ्चल विश्वविद्यालय प्रवेश परीक्षा समितिको Email ID: entrance.support@pufale.edu.np मा सम्पर्क राख्न सकिनेछ ।

पूर्वाञ्चल विश्वविद्यालय

कानुन संकाय प्रवेश परीक्षा समिति-२०८२


फोन नं.: ०२१-४६०६३६, विराटनगर, नेपाल

Email: admn.pufale@gmail.com

Webside: pufale.edu.np